नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद ब्यबस्थापन शाखा)

प.सं ०७६\७७
च.नं ४३९

मिति: २०७६।१२।१९

श्री स्थानीय तहहरु (सवै) ।

विषय : राहत सम्वन्धमा ।

प्रस्तुत विषयमा "**असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराईने राहत सम्वन्धी नमुना मापदण्ड, २०७६**" तथा "**कोभिड–१९ को कारण प्रभावित क्षेत्रहरुको लागि राहत सुविधा प्रदान गर्ने कार्ययोजना, २०७६**" यसै साथ संलग्न छ । नमुना मापदण्डको आधारमा राहत वितरणको मापदण्ड स्वीकृत गरी देहाय अनुसार राहत वितरण कार्य गर्नु, गराउनुहुन यस मन्त्रालयको मिति २०७६।१२।१९ को (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ ।

देहाय:

१. मापदण्ड तथा कार्ययोजनाको आधारमा मात्र राहत वितरणको व्यवस्था मिलाउने,
२. प्रत्येक वडामा सम्पर्क व्यक्ति तोकि निवेदन/गुनासो संकलन गर्ने व्यवस्था मिलाउने,
३. वितरण गरिएको राहतको विवरण हरेक दिन website तथा अन्य उपयुक्त माध्यमहरुबाट सार्वजनिक गर्ने व्यवस्था मिलाउने,
४. नमुना मापदण्डको दफा ६ को उपदफा (१) खण्ड ख. वमोजिम कुपन मार्फत राहत वितरण गर्नुपर्ने अवस्था भएमा सोको दुरुपयोग नियन्त्रण गर्न आवश्यक व्यवस्था मिलाउने । दुरुपयोग भएको अवस्थामा आपुर्तिकर्ता र राहत पाउने व्यक्तिलाई स्थानीय तहबाट उपलव्ध गराउने सेवा सुविधा रोक्का गर्ने लगायतका अन्य आन्तरिक नियन्त्रणको प्रभावकारी व्यवस्था मिलाउने,
५. राहत वितरण कार्यको नियमित अनुगमन गर्ने,
६. वितरित राहतको प्रतिवेदन तोकिएको ढाँचामा यस मन्त्रालयलाई दैनिक रुपमा dreportingsystem@gmail.com मार्फत उपलव्ध गराउने व्यवस्था मिलाउने ।

ऋषिराज आचार्य
उपसचिव

<u>बोधार्थ तथा कार्यर्थ:</u>

**श्री जिल्ला समन्वय समिति (सवै):** यस वमोजिम गरिने राहत वितरण कार्यको नियमित अनुगमन गरी सासाहिक रुपमा **dreportingsystem@gmail.com** मार्फत प्रतिवेदन गर्नुहुन ।

श्री सूचना प्रविधि शाखा : website मा uplaoad गरिदिनुहुन ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

नमूना मापदण्ड

## असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६

कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई दैनिक जीवन यापनको लागि स्थानीय तहबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६" रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधिसम्मको लागि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा -

(क) "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग" भन्नाले दैनिक रूपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनु पर्छ ।

(ख) "असहाय" भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वारा, चर्च वा बृद्धाश्रममा बस्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) "राहत" भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्बन्धित स्थानीय तहले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरूलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनुपर्छ ।

(घ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाँउपलिका सम्झनुपर्छ ।

३. **अभिलेख राख्नुपर्नेः** (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरूलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछः

(क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक,

(ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने, बाटोमा आवश्यक वस्तुहरू ओसारपसार गर्ने व्यक्ति,

(ग) ट्रक, ट्रिपर, भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक,

(घ) अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर,

(ङ) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई, शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

(च) गिटी कुट्ने, वालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

(ज) नाङलो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेला गाडा तथा साइकिलमा सामान बिक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

(झ) देहायका यातायात मजदुरः

(१) अन्य व्यक्तिको माल वाहक सवारी तथा डेलीभरि भ्यान चलाउने सवारी चालक, सहचालक,

(२) दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,

(३) रिक्सा तथा ठेलागाडा चालक,

(४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

(ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैंचा, बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

(ट) स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति ।

(२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूची-१ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई तीन दिन भित्र तयार गरी सार्वजनिक गर्नुपर्नेछ ।

४. **राहत वितरण गर्नुपर्नेः** दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखि दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नु पर्नेछ ।

५. **राहत सामाग्रीः** (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरुलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरुप वितरण गरिनेछः

(क) चामल ३० किलोग्राम

(ख) दाल ३ किलोग्राम

(ग) नुन २ पाकेट

(घ) खाने तेल २ लिटर

(ङ) सावुन ४ वटा

(च) चिनी २ किलोग्राम ।

(२) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ ।साथै, परिवार संख्या कायम गर्दा दुई जनासम्म भए उपदफा (१) बमोजिमको राहत सामाग्रीको आधा र सोभन्दा बढी परिवार संख्या भए पुरै राहत सामाग्री वितरण गरिनेछ । (३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको एकै परिवारको एकभन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

६. **वितरण गर्ने विधिः** (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछः

(क) राहत वितरणको लागि सम्बन्धित वडा समितिले सामाग्री खरिद गरी वितरण गर्ने ।

(ख) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिबाट वितरण गर्न नसक्ने अबस्था भएमा देहाय बमोजिम गर्नेः

(१) स्थानीय तहले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्ताबाट मूल्य सूची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपूर्तिकर्ता छनौट गर्ने ।

(२) दफा ३ बमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरूलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने ।

७. **राहत वितरणको अभिलेख र प्रतिवेदनः** (१) सम्बन्धित वडाले वितरणको अनुसूची-२ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रूपमा सार्वजनिक गर्नु पर्नेछ र एक प्रति सम्बन्धित स्थानीय तहका कार्यालयमा पठाउनु पर्नेछ ।

(२) प्रत्येक स्थानीय तहले राहतको प्रतिवेदन अनुसूची ३ बमोजिमको ढाँचामा पाक्षिक रूपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

८. **कारवाही सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले निजबाट असुल गर्नु पर्नेछ ।

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

## अभिलेखको ढाँचा

**राहत प्राप्त गर्ने व्यक्तिको विवरण:**

१. नाम थर:　　　२. बावुको नाम:　　　३. बाजेको नाम

४. स्थायी ठेगाना:　　　५. हालको ठेगाना:

६. टेलिफोन वा मोबाइल नम्बर (भएमा):

७. दैनिक ज्यालादारीमा कार्यरत स्थान:　　　८. गर्ने गरेको कामको विवरण:

८. पेश गरेको कागजातको विवरण: (कम्तीमा कुनै एक कागजात संलग्न गर्नुपर्ने)

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा

ख. गरिब घर परिवार परिचयपत्रको प्रतिलिपि वा

ग. सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा

घ. अन्य:

९. राहत लिने व्यक्तिको स्वःघोषणा:

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन्। मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन। माथि पेश गरेको विवरण ठीक साँचो हो। व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक:-
दस्तखत:
मिति:

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

सिफारिस गर्ने पदाधिकारी:-
दस्तखत:
नाम:　　　पद:
मिति:

स्थानीय तहको नाम :
वडा नं. :

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची : २

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

............. पालिका

वडा नं. ........ कार्यालय: ...........

राहत वितरणको अभिलेख

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं | बावुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको
दस्तखत:
नाम थर:
टेलिफोन नं:

अनुसूची ३

(दफा ७ को उपदफा २ सँग सम्बन्धित)

............. पालिका

प्रतिवेदनको ढाँचा

| सि. नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निवेदन गर्नेको:

दस्तखतः

नाम थरः

टेलिफोन नं:

नेपाल सरकार
अर्थ मन्त्रालय

कोभिड-१९ भाइरसको संक्रमणका कारणबाट प्रभावित भएका क्षेत्रलाई राहत कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने अवस्था उत्पन्न भएको छ। कोभिड-१९ ले हाल सम्म पारेको प्रभाव र आगामी दिनमा पर्न सक्ने प्रभावको आँकलनको आधारमा तत्कालिन कदमहरू अवलम्वन गर्नु पर्ने देखिएको छ। रोगको संक्रमण फैलन नदिन नेपाल सरकारले घोषणा गरेको लक डाउनका कारण अति प्रभावित हुने श्रमिक तथा निम्न वर्गीय व्यक्तिको दैनिक जीवनयापनलाई सहज वनाउन तथा उद्योगी व्यावसायीहरूलाई निजहरूको उद्योग व्यवसायको संरक्षणका लागि हालको अवस्थामा तत्काल राहतका कार्यक्रमहरू नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७६/१२/१६ को निर्णयानुसार स्वीकृत भई सकेको छ। उक्त निर्णय कार्यान्वयनको कार्ययोजना कार्यान्वयनको लागि यसैसाथ संलग्न गरी पठाईएको ब्यहोरा अनुरोध छ।

## कोभिड १९ को कारण प्रभावित क्षेत्रहरूको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय कार्यान्वयन कार्ययोजना, २०७६

### १. असङ्गठित क्षेत्रका दैनिक ज्यालादारी श्रमिक मजदुरका सम्बन्धमा

| सि नं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | स्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| १. | कोभिड-१९ वाट सुरक्षित रहन आव्हान गरिएको लकडाउनको अवधी भरका लागि राहत दिनुपर्ने व्यक्ति तथा परिवार पहिचान गरी लगत तयार गर्ने। | सम्बन्धित वडा कार्यालय | स्थानीय तह | | तीन दिन | लगत तयार भएको हुने। |
| २. | लकडाउनको अवधी भरका लागि दैनिक खाद्य आवश्यकतालाई पुग्ने गरी राहत उपलव्ध गराउने। | सम्बन्धित वडा कार्यालय | स्थानीय तह | कोरोना भाइरस संक्रमण रोकथाम, | तुरुन्त | राहत प्रदान भएको हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | नियन्त्रण तथा उपचार कोष | | |
| ३. | गैर सरकारी क्षेत्र वा व्यक्ति वा सामाजिक संघ /संस्थाले स्थानीय तहसँगको समन्वयमा स्थानीय तहले तोकेको क्षेत्रमा राहत उपलब्ध गराउने । | गैर सरकारी क्षेत्र वा व्यक्ति वा सामाजिक संघ /संस्था | **स्थानीय तह** | | **निरन्तर** | **समन्वयात्मक रुपमा राहत प्रदान भएको हुनुपर्ने ।** |
| ४. | राहत उपलब्ध गराउन सबै स्थानीयतहको चालू आर्थिक बर्षको स्वीकृत बजेटबाट रकमान्तर गरी कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष खडा गर्ने। | सम्बन्धित स्थानीय तह | **सम्बन्धित प्रदेश सरकार, अर्थ मन्त्रालय** | कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष | **तुरुन्त** | **कोष खडा भएको हुने।** |
| ५. | लकडाउनको अवधिमा गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति, वृद्धाश्रममा रहेका वृद्ध-वृद्धा, बालगृहमा रहेका बालबालिको लागि आवश्यकता अनुसार खाद्यान्न लगायतका अन्य थप व्यवस्था गर्ने। | स्थानीय तह | **सम्वन्धित वडा कार्यालय** | **स्थानीय तह** | **तत्काल** | **Lockdown अवधिभर त्यस्ता वर्गलाइ थप सुविधा उपलव्ध भएको भएको हुने।** |
| ६. | राहत सुविधा लिने व्यक्ति/ परिवारको नाम ठेगाना सहितको विवरण सार्वजनिक गरी त्यसको अद्यावधिक विवरण सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागमा पठाउने । | स्थानीय तह | **सम्वन्धित वडा कार्यालय** | | प्रत्येक हप्ता | **राहत सुविधा लिनेको विवरण प्राप्त भएको हुने।** |

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

## २. औपचारिक क्षेत्रमा काम गर्ने मजदुरहरुका सम्वन्धमाः

| सि नं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | स्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| १. | औपचारिक क्षेत्रमा काम गर्ने मजदुरहरुलाई नियमित रुपमा पारिश्रमिक उपलव्ध गराउने। | सम्वन्धित रोजगारदाता प्रतिष्ठान | **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय** | सम्वन्धित रोजगारदाता संस्था | **चैत्र मसान्त भित्र** | **नियमित रुपमा पारिश्रमिक गराइएको हुने।** |
| २. | पूर्ण रुपमा वन्द भएका पर्यटन क्षेत्रसंग सम्वन्धित प्रतिष्ठानहरुले आफ्ना दैनिक वा महिनावारी ज्यालादारीमा कार्यरत कर्मचारीका लागि २०७६ चैत्र महिनाको पारिश्रमिक पूर्ववत भुक्तानी गर्ने। | पर्यटनसंग सम्वन्धित सवै प्रतिष्ठानहरू | • **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**<br>• **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय** | सम्वन्धित प्रतिष्ठानहरू | **चैत्र मसान्त भित्र** | **चैत्र महिनाको पारिश्रमिक पूर्ववत भुक्तानी भएको हुने।** |
| ३. | व्यवसाय सञ्चालन नभएसम्मका लागि श्रमिकलाई पूर्ववत नियमित ज्याला भुक्तानी गर्न प्रतिष्ठानस्तरको कल्याणकारी कोषको प्रयोग गर्ने । | सम्वन्धित सवै प्रतिष्ठानहरू | **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय** | सम्वन्धित प्रतिष्ठानको नियमित रकम र प्रतिष्ठानस्तरको कल्याणकारी कोष | ब्यवसाय सञ्चालन नभए सम्म | **श्रमिकलाई ज्याला भुक्तानी भएको हुने।** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | सामाजिक सुरक्षा कोषमा आवद्ध भएका प्रतिष्ठानमा कार्यरत श्रमिक तथा रोजगारदाताहरुको तर्फबाट २०७६ चैत महिनामा जम्मा गर्नुपर्ने योगदान रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने। | • **अर्थ मन्त्रालय**<br>• श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सामाजिक सुरक्षा कोष तथा सम्वन्धित प्रतिष्ठानहरू | अर्थ मन्त्रालय | चैत्र महिना भित्र | **योगदान रकम सामाजिक सुरक्षाकोषमा जम्मा भएको हुने।** |

## ३. आवश्यक खाद्य सामाग्री तथा सेवा आपूर्ति सम्वन्धमा:

| सि नं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | स्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| १. | चामल, पिठो,दाल,नून, चिनी, खानेतेल लगायतका खाद्य सामाग्रीको हाल कायम रहेको मूल्यमा १० प्रतिशत छुट दिइ बिक्री वितरण गर्ने व्यवस्था मिलाउने। | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड | **उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय** | **सम्वन्धित कम्पनीको नियमित श्रोत** | **तत्काल** | **तोकिएका दैनिक उपभोग्य बस्तुमा १०% छुट हुने।** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | आफ्ना शाखा कार्यालय मार्फत स्थानीय तहले वितरण गर्ने राहतका लागि आवश्यक पर्ने सामाग्रीको कम्वो प्याकेट तयार गरी सहुलियत दरमा उपलव्ध गराउने । | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | सम्बन्धित कम्पनीको नियमित श्रोत | तत्काल | आवश्यक सामाग्री सहुलियत दरमा उपलब्ध भएको हुने । |
| ३. | लकडाउन अवधिको इन्टरनेट तथा डाटा प्याकेजमा २५ प्रतिशत छुट दिने। | नेपाल दूरसंचार कम्पनी लिमिटेड | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | | तत्काल | २५% छुट हुने। |
| ४. | निजी सेवा प्रदायकले समेत लकडाउन अवधिको इन्टरनेट तथा डाटा प्याकेजमा २५ प्रतिशत छुट दिने व्यवस्था मिलाउने। | नेपाल दुर सञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | | तत्काल | २५% छुट हुने। |
| ५. | मासिक १५० युनिटसम्म विद्युत खपत गर्ने ग्राहस्थ ग्राहकको विद्युत महसुलमा २५ प्रतिशत छुट दिने। | नेपाल विद्युत प्राधिकरण | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | | चैत्र महिना भित्र | विद्युत महसुलमा २५ प्रतिशत छुट हुने। |
| ६. | विद्युत, खानेपानी, टेलिफोन तथा इन्टरनेटको शुल्कको फाल्गुन र चैत्र महिनाको महसुल भुक्तानी २०७७ बैशाख मसान्तसम्म बुझाएमा विलम्व वापत लाग्ने जरिवाना तथा अतिरिक्त शुल्क छुट गर्ने। | • सम्वन्धित सेवा प्रदायक निकाय<br>• नेपाल विद्युत प्राधिकरण<br>• के यु के एल | • उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय<br>• खानेपानी विकास मन्त्रालय | | चैत्र मसान्त भित्र | विलम्व वापत लाग्ने जरिवाना तथा अतिरिक्त शुल्क छुट हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • नेपाल टेलिकम तथा निजी क्षेत्रका सेवा प्रदायक संस्थाहरू | • सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | | | |
| ७. | माग भन्दा बढी उत्पादन भई वचत हुने विद्युत प्राधिकरणले तोकेको अवधि र समयमा उपयोग गर्ने उत्पादनमूलक उद्योग प्रतिष्ठानहरुलाई सो अवधिमा खपत गरिएको विद्युत महसुलमा उद्योगको प्रकृति हेरी ३० देखि ५० प्रतिशतले छुट दिने व्यवस्था मिलाउने। | नेपाल विद्युत प्राधिकरण | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | | चैत्र मसान्त भित्र | विद्युत महसुलमा उद्योगको प्रकृति हेरी ३० देखि ५० प्रतिशतले छुट हुने। |
| ८. | कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषबाट सञ्चयकर्ता/बचतकर्ताहरुलाई दिइएको कर्जाको साँवा र व्याजको किस्ताको भुक्तानीको म्याद २०७७ वैशाख मसान्तसम्म बढाउने र कर्जाको व्याजदरमा सहुलियत दिने व्यवस्था मिलाउने। | कर्मचारी सञ्चय कोष तथा नागरिक लगानी कोष | अर्थ मन्त्रालय | | चैत्र मसान्त भित्र | **किस्ता भुक्तानी गर्ने म्याद बढ्ने तथा ब्याजदर मा सहुलियत प्राप्त हुने।** |

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | देशभरका विभिन्न उत्पादन केन्द्रमा उत्पादन भएका वा संकलन केन्द्रमा संकलन भएका तरकारी, दुध,अण्डा, माछा, मासु तथा खाद्यान्न लगायतका सामाग्री नजिकको वजारकेन्द्र वा काठमाण्डौ उपत्यकामा ढुवानी गर्न आवश्यक ढुवानीका साधनको प्रवन्ध गर्ने | • कृषि तथा पशुपन्छी विकास मन्त्रालय,<br>• भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय,<br>• वाणिज्य,आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग,<br>• सहकारी संघ/संस्थाहरु<br>• ढुवानीकर्ता | • उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br>• कृषि तथा पशुपन्छी विकास मन्त्रालय | | तत्काल | **आपूर्ति ब्यवस्थापनमा ढुवानीको प्रवन्ध हुने।** |
| १०. | वुदाँ नं ८ वमोजिमका सामाग्री ढुवानी गर्दा स्थानीय तह मार्फत २५ प्रतिशत ढुवानी अनुदान उपलव्ध गराउने ब्यवस्था मिलाउने। | सम्वन्धित प्रदेश सरकार, स्थानीय तह | • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• सम्बन्धित प्रदेश सरकार | | तत्काल | **ढुवानी अनुदान उपलब्ध भएको हुने।** |

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार,काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. | किसान, उत्पादक तथा संकलकहरू तथा ढुवानीकर्तालाई वजार केन्द्रमा आफ्ना उत्पादन विक्री गर्न सवारी साधनको पास उपलव्ध गराउने। | सम्बन्धित जिल्ला प्रशासन कार्यालय | गृह मन्त्रालय | | तुरुन्त | **बजार व्यवस्थाको लागि सवारी पास उपलब्ध भएको हुने।** |

## ४.स्वास्थ्य,शिक्षा सेवा र घरवहालका क्षेत्रमाः

| सि नं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | स्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| १. | कोभिड-१९ रोगको उपचारका लागि प्रयोग हुने औषधी, स्वास्थ्य, उपकरण, पञ्जा, स्यानिटाइजार, Personal Protection Equipment (PPE) को आपूर्ति तथा अस्पतालको क्षमता विस्तार गर्ने। | • स्वास्थ्य सेवा विभाग<br>• प्रदेश सरकार<br>• निजी क्षेत्रका स्वास्थ्य सेवा प्रदायक संस्था | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | अर्थ मन्त्रालय | निरन्तर | औषधीको आपूर्ति व्यवस्थापन तथा अस्पताल को क्षमता विस्तार हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | कोभिड-१९ संक्रमणको संभावना भएका व्यक्तिहरुलाइ राखिने सामूहिक क्वारेन्टाइन सञ्चालन एवं क्वारेन्टाइनमा राखिने ब्यक्तिहरुको खाना खर्च नेपाल सरकारवाट स्वीकृत क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड वमोजिम संघ, प्रदेश र स्थानीय तहले ब्यहोर्ने । | • नेपाल सरकार<br>• **प्रदेश सरकार**<br>• **स्थानीय तह** | उच्चस्तरीय कोरोना भाईरस संक्रमण रोकथाम तथा नियन्त्रण समिति | | **तत्काल** | क्वारेन्टाइनमा राखिने ब्यक्तिहरुलाइ प्रदान गरिने सेवा सुविधा तथा खाना खर्च व्यवस्थित भएको हुने । |
| ३. | कोभिड-१९ संक्रमणको रोकथाम, निन्त्रण तथा उपचारमा संलग्न हुने चिकित्सक, नर्स, स्वास्थ्य प्राविधिक, महिला स्वास्थ्य स्वंयसेविका, स्वयमसेवक तथा सरसफाईमा संलग्न हुने श्रमिक, एम्बुलेन्स चालक तथा प्रत्यक्ष रुपमा संलग्न हुने सुरक्षाकर्मीलाई मिति २०७७ असार मसान्त सम्म रु. २५ लाख सम्मको निशुल्क/ बिमा क्षतिपूर्ति दिने व्यवस्था मिलाउने। | **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय** | **अर्थ मन्त्रालय** | कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष | **तत्काल** | कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न हुनेहरू लाई निशुल्क बिमा एवम् क्षतिपूर्ति दिने व्यवस्था भएको हुने। |
| ४. | कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचारमा खटिएका व्यक्तिलाई उपचारको क्रममा आवश्यक पर्ने व्यक्तिगत सुरक्षा उपकरणहरु निःशुल्क उपलब्ध गराउने। | स्वास्थ्य सेवा विभाग | **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय** | कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष | तत्काल | सुरक्षा उपकरणहरु निःशुल्क उपलब्ध भएको हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | निजी स्वास्थ्य सेवा प्रदायक संस्थालाइ आवश्यक स्वास्थ्य उपकरणको आपूर्तिको सुनिश्चित गरी आफ्ना सबै प्रकारका स्वास्थ्य सेवा सुचारु राख्न र आफूले २०७६ चैत महिनामा प्रदान गरेको सबै प्रकारको सेवा शुल्कको बिल वमोजिमको रकममा न्यूनतम २० प्रतिशत छुट दिने व्यवस्था मिलाउने। | • स्वास्थ्य सेवा विभाग<br>• निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरु | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | | चैत्र मसान्त | सबै प्रकारका सेवा शुल्कमा २० प्रतिशत छुट हुने। |
| ६. | निजी विद्यालयले माध्यमिक तहसम्मको एक महिनाको शुल्क मध्ये आवास शुल्क बाहेक अन्य सबै प्रकारको शुल्क छुट दिने व्यवस्था गर्ने। | • शिक्षा विभाग<br>• प्यावसन<br>• एन प्यावसन<br>• हिसान | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | | चैत्र मसान्त भित्र | आवास शुल्क बाहेक अन्य सबै प्रकारको शुल्क छुट सुविधा हुने। |
| ७. | असंगठित क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई घरभाडामा लगाउने घरधनीले ती श्रमिकहरुवाट प्राप्त गर्ने घरवहाल रकम मध्ये एक महिनाको घरभाडा मिनाहा गर्न आव्हान गर्ने। | सम्वन्धित घरधनीहरू | **सम्वन्धित स्थानीय तह** | | चैत्र मसान्त भित्र | **चैत्र महिनाको घरभाडा मिनाहा भएको हुने।** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | घर भाडामा लगाउने सबै घरधनीहरूलाई साविकमा घर बहालमा बसेका ब्यक्तिहरूलाई यस अवधिमा घर बहालवाट निकाल्न नपाउने गरी नेपाल सरकर मन्त्रिपरिषदले संक्रामक रोग नियन्त्रण ऐन, २०२० बमोजिम जारी गरेको आदेश कार्यान्वयन गराउने। | सम्वन्धित जिल्ला प्रशासन कार्यालय | **सम्वन्धित स्थानीय तह** | | चैत्र मसान्त भित्र | **साविक वमोजिम घरवहालमा रहेका व्यक्ति सोही घरमा नै रहेको हुने ।** |
| ९. | मिनाहा गरिएको घरभाडामा भुक्तानी गर्नुपर्ने घरबहाल कर नलिने व्यवस्था मिलाउने। | सम्वन्धित स्थानीय तह | **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय** | | चैत्र मसान्त भित्र | लक डाउन अवधिभर घरबहाल कर नलाग्ने ब्यवस्था हुने। |

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरवार, काठमाडौं

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ५.भन्सार सहुलियत तथा छुट सम्वन्धमाः

| सि नं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | स्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| १. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९को संक्रमण रोकथाम तथा नियन्त्रण र उपचारका लागि तोकिएको गुणस्तर वमोजिमको सूचीकृत औषधी, स्वास्थ्य सामाग्री र स्वास्थ्य उपकरण पैठारी गर्दा भन्सार ऐन,२०६४ को दफा २ को खण्ड (म) बमोजिम लाग्ने सम्पूर्ण महसुल आर्थिक ऐन,२०७६ को दफा १८ को उपदफा (१) बमोजिम छुट दिने। | • **अर्थ मन्त्रालय**<br>• **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय** | • भन्सार विभाग<br>• औषधी व्यवस्था विभाग<br>• नेपाल गुणस्तर तथा नापतौल विभाग | | तत्काल | संक्रमण रोकथाम तथा नियन्त्रण र उपचारका लागि सूचीकृत औषधी, स्वास्थ्य सामाग्री र स्वास्थ्य उपकरण पैठारीको आपूर्ति सहज भएको हुने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा सो मन्त्रालय वा सो मन्त्रालयले तोकेका स्वास्थ्य संस्था वा स्थानहरुमाहस्तान्तरण गर्ने गरी बिभिन्न संघ संस्था वाव्यक्तिले सहयोग स्वरुप उपलब्ध गराएका कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि सूचीकृत भएका औषधी, स्वास्थ्य सामाग्री र स्वास्थ्य उपकरणमा भन्सार ऐन,२०६४ को दफा २ को खण्ड (म)बमोजिम लाग्ने सम्पूर्ण महसुल आर्थिक ऐन,२०७६ को दफा १८ को उपदफा (१)बमोजिम छुट दिने। | **अर्थ मन्त्रालय**<br><br>**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय** | भन्सार विभाग<br><br>स्वास्थ्य सेवा विभाग | | तत्काल | बिभिन्न संघ संस्था वाव्यक्तिले सहयोग स्वरुप उपलब्ध गराएका कोविड-१९ संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि सूचीकृत भएका औषधी, स्वास्थ्य सामाग्री र स्वास्थ्य उपकरणमा भन्सार छुटमा आयात भइ आपूर्ति प्रणाली सहज भएको हुने । |
| ३. | भन्सार उपशीर्षक६३.०७.९०.९० मा पर्ने फेस मास्क, भन्सार उपशीर्षक३८.०८.९४.०० मा पर्ने सेनिटाइजर र भन्सार उपशीर्षक४०.१५.११.०० मा पर्ने सर्जिकल ग्लोभ्समा दरवन्दी बमोजिम लाग्ने भन्सार महसुल आर्थिक ऐन,२०७६ को दफा १८ को उपदफा (१) बमोजिम छुट दिने। | **अर्थ मन्त्रालय** | भन्सार विभाग | | **तत्काल लागु भइ २०७७ वैशाख १५ सम्म** | **फेस मास्क, सेनिटाईजर, सर्जिकल ग्लोभ्समा भन्सार छुट हुने।** |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | भन्सार उपशीर्षक ८५.१६.६०.०० मा पर्ने ईन्डक्सन चूल्होमा आर्थिक ऐन,२०७६ को दफा १८ को उपदफा (१) बमोजिम भन्सार महसुल छुट दिने। | **अर्थ मन्त्रालय** | भन्सार विभाग | तुरुन्त | ईन्डक्सन चूल्हो पैठारी गर्दा भन्सार महसूल छुट भइ न्यून मूल्यमा आपूर्ति हुने। |
| ५. | महसुल सुविधामा पैठारी भएका मालवस्तुको पैठारी गर्दा पैठारी गरेको मिति स्पष्ट हुने गरी स्टीकर टाँस गरिएको र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको अधिकतम् खुद्रा मूल्य (एमआरपि) भन्दा बढी मूल्य नहुने गरी बिक्री गर्ने ब्यवस्था मिलाई बजार अनुगमन गर्ने। | औषधी ब्यवस्था विभाग | वाणिज्य,आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | तत्काल | महशुल सुविधमा पैठारी भएका मालबस्तुको खुद्रा मूल्य (एमआरपि) भन्दा बढी मूल्य नहुने गरी बिक्री हुने। |
| ६. | महसुल सुविधामा पैठारी भएका मालवस्तु सुविधाको दुरुपयोग गरेमा वा अन्य प्रयोजनमा प्रयोग गरेमा आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (४) बमोजिम छुट दिएको दस्तुर, शुल्क, महसुल र कर रकम असुल गरी सो रकम बराबर जरिबाना गर्ने। | सम्वन्धित आन्तरिक राजस्व कार्यालय | **आन्तरिक राजस्व विभाग/राजस्व अनुसन्धान विभाग** | नियमित | महसुल सुविधामा पैठारी भएका मालवस्तु सुविधाको दुरुपयोग गरेमा वा अन्य प्रयोजनमा प्रयोग गरेमाछुट दिएको दस्तुर,शुल्क,महसुल र कर रकम असुल गरी सो रकम बराबर जरिवाना हुने। |

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार,काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | यस्तो भन्सार महसुल छुट सुविधा मिति २०७७।०१।१५ गते सम्ममा भन्सार बिन्दुमा आइपुगेको मालवस्तुको हकमा मात्र लागू गर्ने। | सम्वन्धित भन्सार कार्यालय | **भन्सार विभाग** | | तत्काल | **तोकिएको समय सम्म मात्र सुविधा भएको हुने।** |
| ८. | यस्तो भन्सार महसुल छुटको सुविधा नेपाल राजपत्रमा प्रकाशन गर्ने। | अर्थ मन्त्रालय | **भन्सार विभाग** | | यथाशीघ्र | **राजपत्रमा सूचना प्रकाशन हुने।** |

## ६.<u>आन्तरिक राजस्वतर्फ म्याद थप तथा खर्चकट्टी सम्वन्धमा:</u>

| **सि नं** | **क्रियाकलापहरू** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **स्रोत र साधन** | **समय** | **अनुगमन सूचक** |
|---|---|---|---|---|---|---|
| १. | मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम २०७६ साल फागुन महिनाको मासिक, माघ र फागुन महिनाको द्विमासिक र दोस्रो चौमासिक अवधिको मूल्य अभिवृद्धि कर विवरण तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद सम्वत् २०७७ साल वैशाख २५ गतेसम्म थप गर्ने। | अर्थ मन्त्रालय | आन्तरिक राजस्व विभाग | | **चैत २५ गते भित्र** | कर दाखिला गर्ने म्याद सम्वत् २०७७ साल वैशाख २५ गतेसम्म थप हुने। |
| २. | मूल्य अभिवृद्धि कर फिर्ता प्रयोजनको लागि मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा २५घ. बमोजिम कर फिर्ताको निवेदन दिन पाउने अवधि समाप्त भएमा सम्वत् २०७७ साल वैशाख मसान्तसम्म थप गर्ने । | **अर्थ मन्त्रालय** | आन्तरिक राजस्व विभाग | | **तुरून्त** | कर फिर्ताको निवेदन दिन पाउने अवधि समाप्त भएमा सम्वत् २०७७ साल वैशाख मसान्तसम्म थप हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | अन्तःशुल्क ऐन,२०५८ बमोजिम २०७६ साल फागुन महिनाको बुझाउनु पर्ने विवरण तथा ती विवरण बमोजिमको अन्तःशुल्क दाखिला गर्ने म्याद सम्वत् २०७७ साल वैशाख २५ गतेसम्म थप गर्ने। | **अर्थ मन्त्रालय** | आन्तरिक राजस्व विभाग | | **तुरून्त** | अन्तःशुल्क दाखिला गर्ने म्याद सम्वत् २०७७ साल वैशाख २५ गतेसम्म थप हुने। |
| ४. | आयकर ऐन,२०५८ बमोजिम २०७६ साल फागुन महिनाको बुझाउनु पर्ने अग्रिम कर कट्टी र अग्रिम कर असुलीको विवरण बुझाउने म्याद तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद सम्वत् २०७७ साल वैशाख २५ गतेसम्म थप गर्ने। | **अर्थ मन्त्रालय** | आन्तरिक राजस्व विभाग | | तुरून्त | अग्रिम कर कट्टी र अग्रिम कर असुलीको विवरण बुझाउने म्याद तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद सम्वत् २०७७ साल वैशाख २५ गतेसम्म थप हुने। |
| ५. | आयकर ऐन,२०५८ बमोजिम २०७६ चैत्र महिनामा बुझाउनु पर्नेआर्थिक वर्ष २०७६/०७७ को संशोधित अनुमानित कर विवरण र दोस्रो किस्ता वापतको रकम दाखिला गर्ने म्याद सम्वत् २०७७ साल वैशाख मसान्तसम्म थप गर्ने । | अर्थ मन्त्रालय | आन्तरिक राजस्व विभाग | | तुरून्त | संशोधित अनुमानित कर विवरण र दोस्रो किस्ता वापतको रकम दाखिला गर्ने म्याद सम्वत् २०७७ साल वैशाख मसान्तसम्म थप हुने। |
| ६. | आर्थिक ऐन, २०७६ को दफा ८ को उपदफा (२) बमोजिमको शिक्षा सेवा शुल्क, दफा १४ को उपदफा (२) बमोजिमको टेलिफोन स्वामित्व शुल्क तथा दफा १५ को उपदफा (३)बमोजिमको दुर सञ्चार सेवा दस्तुरदाखिला गर्ने म्याद सम्वत् २०७७ साल वैशाख २५ गतेसम्म थप गर्ने। | अर्थ मन्त्रालय | **आन्तरिक राजस्व विभाग** | | तुरून्त | शिक्षा सेवा शुल्क टेलिफोन स्वामित्व शुल्कतथादुर सञ्चार सेवा दस्तुर दाखिला गर्ने म्याद सम्वत् २०७७ साल वैशाख २५ गतेसम्म थपहुने। |

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार,काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | कुनै व्यक्तिले आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकार र प्रदेश सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा घटाउन पाउने गरी खर्च कट्टी गर्न दिने व्यवस्था मिलाउने। | अर्थ मन्त्रालय | आन्तरिक राजस्व विभाग | | तुरुन्त | कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा घटाउन पाउने गरी खर्च कट्टी गर्न दिने व्यवस्था हुने। |

## ७.<u>वैंकिङ्ग, वीमा तथा धितोपत्रका सम्वन्धमा:</u>

<u>बैंक तथा बिदेशी बिनिमयतर्फ</u>

| सि नं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | स्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| १. | वित्तीय क्षेत्रमा तरलता सहज बनाउन र कर्जाको लागत घटाउन अनिवार्य नगद मौज्दात, वैधानिक तरलता अनुपात लगायतको विद्यमान व्यवस्थामा पुनरावलोकन गर्ने। | नेपाल राष्ट्र बैंक | अर्थ मन्त्रालय | | २० गते भित्र | विद्यमान व्यवस्थामा पुनरावलोकन भएको हुने। |
| २. | विद्यमान पुनर्कर्जा कोषलाई तत्काल रु ६० अर्ब बनाउने। | नेपाल राष्ट्र बैंक | अर्थ मन्त्रालय | | चैत्र मसान्त | पुनर्कर्जाकोषरु६०अर्ब को हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | पुनर्कर्जा कोषलाई कोभिड-१९ बाट बढी प्रभावित क्षेत्रमा परिचालन गराउने व्यवस्था मिलाउने। | नेपाल राष्ट्र बैंक | **अर्थ मन्त्रालय** | | | कोभिड-१९ बाट बढी प्रभावितक्षेत्रमापरिचालन गराउने व्यवस्था भएको हुने। |
| ४. | बैंक तथा वित्तीय संस्थाका कोरोना प्रभावित ऋणीले २०७६ चैत्र मसान्तमा तिर्नुपर्ने साँवा तथा व्याजको भुक्तानी गर्नुपर्ने अवधि २०७७ असार मसान्त कायम गर्ने । | बैंक तथा वित्तीय संस्थाहरू | नेपाल राष्ट्र बैंक | | **चैत्र मसान्त** | कोरोना प्रभावित ऋणीले तिर्नुपर्ने साँवा तथा व्याजको भुक्तानी गर्नुपर्ने अवधि २०७७ असार मसान्त पुगेको हुने। |
| ५. | सबै बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाका कोरोना प्रभावित ऋणीले २०७६ चैत्र महिनामा बुझाउनु पर्ने मासिक व्याज वा मासिक हुन आउने व्याज रकममा आधार दर भन्दा कम नहुने गरी १० प्रतिशत छुट दिने व्यवस्था मिलाउने। | बैंक तथा वित्तीय संस्थाहरू सहकारी संस्थाहरू | **नेपाल राष्ट्र बैंक** | | **चैत्र मसान्त** | बुझाउनु पर्ने मासिक व्याज वा मासिक हुन आउने व्याज रकममा आधार दर भन्दा कम नहुने गरी १० प्रतिशत छुट हुने। |
| ६. | वैदेशिक रोजगारमा जाने अनुमति लिई जान नपाएका व्यक्तिले संक्रमणको जोखिम समाप्त भएपछि सहुलियतपूर्ण कर्जा लिई उद्योग व्यवसाय संचालन गर्न चाहेमा निवेदन दिएको सात दिन भित्र सहुलियतपूर्ण कर्जा उपलब्ध हुने व्यवस्था मिलाउने। | नेपाल राष्ट्र बैंक | **अर्थ मन्त्रालय** | | **चैत्र मसान्त** | सहुलियतपूर्ण कर्जा लिई उद्योग व्यवसाय संचालन गर्न चाहेमा निवेदन दिएको सात दिन भित्र सहुलियतपूर्ण कर्जा उपलब्ध हुने। |

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | बैंक तथा वित्तीय संस्थाहरुले कर्जाको वर्गीकरण गरी निष्क्रिय कर्जा वापत कायम राख्नुपर्ने कोष लगायतका सुपरिवेक्षकीय र नियमनकारी व्यवस्था २०७७ असार मसान्तसम्म यथावत राखे। | नेपाल राष्ट्र बैंक | **अर्थ मन्त्रालय** | | चैत्र मसान्त | निष्क्रिय कर्जा वापत कायम राख्नुपर्ने कोष लगायतका सुपरिवेक्षकीय र नियमनकारी व्यवस्था २०७७ असार मसान्तसम्म यथावत हुने। |
| ८. | बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना ग्राहकलाई विद्युतीयमाध्यमवाट सेवा प्रदान गर्ने र यस प्रकारको सुविधा दिए वापत अर्को निर्देशन नभएसम्म कुनै प्रकारको थपशुल्कनलिने व्यवस्था मिलाउने। | नेपाल राष्ट्र बैंक | **अर्थ मन्त्रालय** | | चैत्र मसान्त | विद्युतीयमाध्यमवाट सुविधा दिए वापत कुनै प्रकारको थपशुल्कनलिने। |
| ९. | कोभिड-१९ को उपचारलाई समेत सहयोग पुग्ने गरी सेवा विस्तार र स्तरोन्नती गर्न चाहने निजी स्वास्थ्य प्रदायक संस्थाहरुलाई प्रवाह गरिने कर्जालाई प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत समावेश गर्ने व्यवस्था मिलाउने। | नेपाल राष्ट्र बैंक | **अर्थ मन्त्रालय** | | चैत्र मसान्त | निजी स्वास्थ्य प्रदायक संस्थाहरुलाई प्रवाह गरिने कर्जालाई प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत समावेश गरिएको हुने। |
| १०. | अत्यावश्यक औषधी स्वास्थ्य उपचारमा प्रयोग गरिने स्वास्थ्य सामग्री तथा उपकरण एवम् खाद्यान्न लगायतका दैनिक अत्यावश्यकीय वस्तुको पैठारी टि.टि.मार्फत् गर्दा हाल कायम रहेको ३० हजार अमेरिकी डलरको सीमालाई१ लाख अमेरिकी डलर बनाउने। | नेपाल राष्ट्र बैंक | **अर्थ मन्त्रालय** | | चैत्र मसान्त | दैनिक अत्यावश्यकीय वस्तुको पैठारी टि.टि.मार्फत् गर्दा हाल कायम रहेको सीमा बृद्धि भएको हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. | सुनको पैठारीमा कायम रहेको दैनिक २० किलो ग्रामको सीमालाई १० किलोग्राममा झार्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | **नेपाल राष्ट्र बैंक**<br>**भन्सार विभाग** | | चैत्र मसान्त | **सुनको पैठारी सीमा दैनिक १० किलो ग्राममा सीमित हुने।** |
| १२. | अमेरिकी डलर ५० हजार भन्दा बढी मूल्यका सवारी साधनको पैठारी अर्को व्यवस्था नभएसम्म रोक लगाउने। | **उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय** | **नेपाल राष्ट्र बैंक अर्थ मन्त्रालय** | | चैत्र मसान्त | बढी मूल्यका सवारी साधनको पैठारी नहुने। |
| १३. | नधुल्याएको मरिच, सुपारी, केराउ, छोकडा, मदिराको पैठारी अर्को व्यवस्था नभएसम्म पूर्ण रुपमा रोक लगाउने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | **भन्सार विभाग** | | तत्काल | अर्को व्यवस्था नभएसम्म पूर्ण रुपमा रोकिएको हुने। |
| १४. | विदेशमा रहेका नेपाली विद्यार्थीलाई शिक्षा मन्त्रालयको No objection letter नभएपनि जीवन निर्वाहका लागि आवश्यक पर्ने न्यूनतम विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने। | नेपाल राष्ट्र बैंक | **अर्थ मन्त्रालय**<br>**परराष्ट्र मन्त्रालय** | | चैत्र मसान्त | जीवन निर्वाहका लागि आवश्यक पर्ने न्यूनतम विदेशी मुद्राको सटही सुविधा उपलब्ध भएको हुने। |

बिमा तर्फ

| सि नं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | स्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| १. | कोभिड-१९ भाइरसको संक्रमणका कारण सृजना भएको असामान्य परिस्थितिमा वीमा अवधि समाप्त भएको वीमालेखको हकमा सम्बन्धित विमितको लिखित अनुरोध (विद्युतीय माध्यमबाट प्राप्त समेत) का आधारमा वीमा लेख नवीकरण गर्ने। | **सम्वन्धित बिमा कम्पनीहरू** | **बिमा समिति** | | **चैत्र मसान्त** | **बिमा अवधि समाप्त भएको बिमा लेख नविकरणको म्याद थप भएको हुने।** |
| २. | जीवन बीमा सम्बन्धी प्रिमियम संकलन गर्ने समयावधि वैशाख मसान्त सम्म थप गर्नेर उक्त अवधिको व्याज नलाग्ने व्यवस्था मिलाउने। | **सम्वन्धित बिमा कम्पनीहरू** | **बिमा समिति** | | **चैत्र मसान्त** | **बिमा प्रिमियम संकलन गर्ने म्याद थप भएको हुने।** |
| ३. | चैत्र महिनामा नविकरण गर्नुपर्ने वीमा अभिकर्ता र सर्भेयरको ईजाजतपत्र नवीकरणको म्याद वैशाख मसान्त सम्म थप गरी सो वापत जरीवाना नलाग्ने व्यवस्था मिलाउने। | बिमा समिति | **अर्थ मन्त्रालय** | | **चैत्र मसान्त** | ईजाजतपत्र नवीकरणको म्याद वैशाख मसान्त सम्म थप हुने। |
| ४. | निर्जिवन वीमकले तत्काल सिर्जना हुने दावी भुक्तानीको लागि बिद्युतीय माध्यमवाट समेत निबेदन प्राप्त भएमा अबस्था सामान्य भएपछि तत्काल सर्भेयर खटाई क्षति यकिन गरी दावी भुक्तानी गर्ने। | **सम्वन्धित बिमा कम्पनीहरू** | **बिमा समिति** | | चैत्र मसान्त | तत्काल सिर्जना हुने दावी भुक्तानी अवस्था सामान्य भएपछि समेत पाउने ब्यवस्था भएको हुने। |

धितोपत्र तर्फ

| सि नं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | स्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| १. | धितोपत्र बजारमा कारोवार गरी राफसाफ गर्न बाँकी रहेकाहरुको हिसाव राफसाफ गर्ने समयावधि २०७७ बैशाख मसान्त सम्म कायम गर्ने। | धितोपत्र वोर्ड नेपाल स्टक एक्सचेञ्ज लि. | अर्थ मन्त्रालय | | तुरून्त | हिसाव राफसाफ गर्ने समयावधि २०७७ बैशाख मसान्त सम्म कायम भएको हुने। |
| २. | धितोपत्र ऐन बमोजिम सूचिकृत कम्पनीले बुझाउनुपर्ने विवरणहरु बुझाउने म्याद २०७७ बैशाख मसान्तसम्म कायम गर्ने। | धितोपत्र वोर्ड नेपाल स्टक एक्सचेञ्ज लि. | अर्थ मन्त्रालय | | तुरून्त | सूचिकृत कम्पनीले बुझाउनुपर्ने विवरणहरु बुझाउने म्याद २०७७बैशाख मसान्तसम्म हुने। |

## ८. प्रशासनिक तथा नियमनकारी क्षेत्रका छुट तथा सहुलियतहरू:

| सि नं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | स्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| १. | कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनीले पेश गर्नुपर्ने विवरण वा प्रतिवेदन बुझाउने म्याद २०७७ बैशाख मसान्तसम्म कायम गर्ने। साथै, कार्यालयले माग गरेको विवरण पेश गर्नुपर्ने विवरण पेश गर्ने म्याद पनि सोही समयसम्म कायम गर्ने व्यवस्था मिलाउने। | कम्पनी रजिष्ट्रारको कार्यालय | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | | तुरून्त | कम्पनीले पेश गर्नुपर्ने विवरण वा प्रतिवेदन बुझाउने म्याद २०७७ बैशाख मसान्तसम्म हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | यातायात तथा सवारी चालक अनुमति पत्र, सवारी साधनको नवीकरण, प्रदूषण नविकरण, रुट परमिट नविकरण गर्ने म्याद २०७७ बैशाख मसान्तसम्म कायम गरी नवीकरण ढिलो भए वापत बुझाउनुपर्ने शुल्क जरिवाना मिनाहा गर्ने। | • **सम्बन्धित प्रदेश सरकाको भौतिक पूर्वाधार विकास मन्त्रालय**<br>• यातायात व्यवस्था विभाग | **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय** | | **तुरून्त** | यातायात तथा सवारी चालक अनुमति पत्र, सवारी साधनको नवीकरण, प्रदूषण नविकरण, रुट परमिट नविकरण गर्ने म्याद २०७७ बैशाख मसान्तसम्म हुने। |
| ३. | प्राइभेट फर्म, साझेदारी फर्म वा वाणिज्य विभागमा दर्ता भएका संस्थाहरुको नविकरण अवधि उपर्युक्त बमोजिम २०७७ बैशाख मसान्तसम्म कायम गरी सो अनुरुप बुझाउनुपर्ने शुल्क/कर विलम्ब दस्तुर सबै मिनाहा गर्ने। | • वाणिज्य,आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग<br>• उद्योग विभाग | **उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय** | | **तुरून्त** | प्राइभेट फर्म, साझेदारी फर्म वा वाणिज्य विभागमा दर्ता भएका संस्थाहरुको नविकरण अवधि २०७७ बैशाख मसान्तसम्म हुने। |
| ४. | विद्युत महसुल निर्धारणका लागि सञ्चालन गर्ने सार्वजनिक सुनुवाई २०७७ बैशाख मसान्तसम्म स्थगन गर्ने व्यवस्था मिलाउने । | विद्युत नियमन आयोग | **उर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालय** | | **तुरून्त** | विद्युत महसुल निर्धारणका लागि सञ्चालन गर्ने सार्वजनिक सुनुवाई २०७७ बैशाख मसान्तसम्म स्थगन भएको हुने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | वैदेशिक रोजगारमा १०० जना कामदार नपठाएकै कारणबाट इजाजतपत्रवाला संस्थाहरु खारेजी हुने हालको व्यवस्थालाई हटाउन वैदेशिक रोजगार ऐन, २०६४ मा संसोधनको प्रक्रिया अगाडि बढाउने। | **श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय** | **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | | **तीन महिना** | बैदेशिक रोजगार ऐन, २०६४ मा संसोधनको प्रक्रिया अगाडि बढेको हुने। |
| ६. | एसिया प्यासिफिक समूहबाट सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा सन् २०२० मा प्रस्ताव गरिएको पारस्परिक मूल्याङ्कनको कार्यतालिकालाई एक वर्ष पछिसार्न अनुरोध गर्ने। | **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभाग<br>**अर्थ मन्त्रालय**<br>**नेपाल राष्ट्र बैक** | | **चैत्र महिना भित्र** | पारस्परिक मूल्याङ्कनको कार्य तालिकालाई एक वर्ष पछि सरेको हुने। |

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ९. अन्य नीतिगत सुधारहरू:

| सि नं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | स्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| १. | वैदेशिक रोजगारमा जानको लागि श्रम स्वीकृति लिएका तर कोभिड-१९का कारणले वैदेशिक रोजगारीमा जान नपाएका र वैदेशिक रोजगारीबाट फर्किएका नेपाली नागरिकको जिल्लागत विवरण स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमा सूचिकृत गरी प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध गर्ने। | • **श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**<br>• **सम्वन्धित स्थानीय तह** | **वैदेशिक रोजगार विभाग** | | **दुई महिना भित्र** | वैदेशिक रोजगारीमा जान नपाएका र फर्किएका नेपाली नागरिकको जिल्लागत विवरणस्थानीयतहमा रहेको रोजगार सेवा केन्द्रमा सूचीकृत गरी प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध भएको हुने। |
| २. | नेपाली कामदारको अवस्थाको सम्बन्धमा जानकारी नियमित रुपमा लिईराख्ने व्यवस्थाका लागि कुटनीति नियोगको भूमिका प्रभावकारी बनाउने गन्तव्य मुलुकका सरकारसँग यस किसिमको परिस्थितिमा सहजीकरण गर्दै श्रमिकको तलब, सुविधा लगायतका विषयमा कुटनीतिक माध्यमबाट पहल गर्ने। | **परराष्ट्र मन्त्रालय** | श्रमऽ रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | | **निरन्तर** | **कुटनैतिक माध्यमबाट पहल भएको हुने।** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | नेपाल सरकारले उखु कृषकहरुलाई प्रदान गर्ने नगद अनुदान वापतको रकम २०७७ वैशाख सम्म तत् तत् कृषकलाई कार्यविधि बमोजिम अनिवार्य रुपमा वितरण गर्ने । | सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय | **कृषि तथा पशुपन्छी विकास मन्त्रालय** | | | उखु कृषकहरुलाई प्रदान गर्ने नगद अनुदान वापतको रकम प्रदान भएको हुने। |
| ४. | कोभिड-१९ संक्रमणको नियन्त्रणका लागि नेपाल सरकारले लकडाउन गर्ने निर्णय हुन अगाडि भएका खरीद सझौताको म्याद थप गर्न माग गरेमा एक महिनासम्म थप गर्ने। | सम्वन्धित निकायहरू | **सार्वजनिक खरिद अनुगमन कार्यालय** | | **चैत्र मसान्त** | खरीद सझौताको म्यादथप भएको हुने। |
| ५. | यसरी म्याद थप गर्दा २०७६ चैत्र महिनामा बैंक ग्यारेन्टीको म्याद समाप्त हुने अवस्था भएमा सो बैंक ग्यारेन्टी जारी गर्ने बैंकले विना थप दस्तुर २०७७ वैशाख सम्म मान्य हुने गरी म्याद थप गर्ने व्यवस्था मिलाउने । | **सम्वन्धित वैक तथा बित्तीय संस्था** | नेपाल राष्ट्र वैंक | | **चैत्र मसान्त** | **बैंक ग्यारेन्टीको म्याद थपिएको हुने।** |
| ६. | ब्यवसायिक क्षेत्रलाई कोभिड १९ को कारण परेको प्रभावलाई मध्यनजर राखी निजी क्षेत्रको मनोवल उच्च पार्न र ब्यवसायिक वातावरणलाई पुन सुचारू गर्न नेपाल सरकारले थप आवश्यक ब्यवस्था गर्दै जाने। | **अर्थ मन्त्रालय** | उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय | | **एक महिनाभित्र** | **ब्यवसायिक वातावरण पुनः सुचारू भएको हुने।** |

## १०. स्रोत व्यवस्थापनः

अन्तराष्ट्रिय आर्थिक सहायता परिचालनतर्फ

| सि नं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | स्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| १. | दातृ निकाय विश्व बैंकवाट आपतकालीन महामारी पूर्व तयारी तथा नियन्त्रण योजना अन्तर्गत नेपाल सरकारलाइ प्राप्त हुने अमेरिकी डलर २९ मिलीयन (करिव ३ अर्व ४८ करोड) सहुलीयतपूर्ण ऋण सहायता स्वीकार गर्न वार्ता र संझौता गर्ने । | अर्थ मन्त्रालय | स्वास्थ्य तथा जन संख्या मन्त्रालय | | १ महिना | सहुलीयतपूर्ण ऋण सहायता स्वीकार गर्न वार्ता र संझौताभएको हुने। |
| २. | भुक्तानी सन्तुलन तथा विदेशी विनिमय मौज्दात व्यवस्थापन गर्न अन्तराष्ट्रिय मुद्रा कोषवाट उपलव्ध हुने न्यापिड क्रेडिट फ्यासिलिटी अन्तर्गत ७८.५ मिलीयन एस. डि. आर.(करिव रु १३ अर्व ९ करोड) वरावर कोटाको सुविधा परिचालन गर्ने। | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक | | २ महिना | अन्तराष्ट्रिय मुद्रा कोषवाट उपलव्ध हुने **कोटाको सुविधा परिचालन भएको हुने।** |
| ३. | दातृ निकाय एसियाली विकास बैंकवाट हालैघोषणा भएको तत्कालीन सहयोग कार्यक्रम अन्तर्गत नेपाललेपरिचालन गर्न प्रकृयामा रहेको रकम करिव ६० मिलीयन अमेरिकी डलर र सोमा थप घट हुने रकम समेत बजेट सहायता (पोलीसी वेस्ड लेन्डिङ्ग) स्वीकार गर्न वार्ता तथा संझौता गर्ने। | अर्थ मन्त्रालय | सम्वन्धित मन्त्रालय | | २ महिना भित्र | एसियाली विकास बैंकबाट बजेट सहायता (पोलीसी वेस लेन्डिङ्ग) स्वीकार गर्न वार्ता तथा संझौता भएको हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | अन्य संभावित विकास साझेदारहरुवाट परिचालन हुन सक्ने श्रोत स्वीकार गर्न वार्ता गर्ने। | अर्थ मन्त्रालय | नेपाल सरकार मन्त्रिपरिषद् | | निरन्तर | संभावित विकास साझेदारहरुवाट परिचालन हुन सक्ने श्रोत स्वीकार गर्न वार्ता भएको हुने। |

१. प्रस्तुत कार्ययोजनाको कार्यान्वयनको अनुगमन सम्वन्धित बिषयगत मन्त्रालयहरूले नियमित रूपमा गर्नु पर्नेछ ।

२. समग्र अनुगमन तथा मूल्याङ्कन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयले गर्नेछ।

उत्तरकुमार खत्री
सह-सचिव

चैत्र १८, २०७६
अर्थ मन्त्रालय, सिंहदरबार